# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश

## जनकपुरधाम, धनुषा, नेपाल

Email Address:
info.ppsc@p2.gov.np

प.सं.२०८१/८२
च.नं. २०८

मिति:२०८१।०७।२९

श्री जनकपुरधाम उप-महानगरपालिका,
नगर कार्यपालिका कार्यालय,
जनकपुरधाम धनुषा,
मधेश प्रदेश, नेपाल

श्री कर्मचारी प्रशासन शाखा
+ सूचना प्रविधि शाखा

सम्बन्धित सबै कर्मचारीहरुको जानकारीको लागि डायरीमा ... साथ दिनुहोला

विषय:- राय परामर्श संम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहाँको प. स. २०८१/८२ च.न.१६३१ मिति २०८१/०७/०२ को पत्रानुसार माग भएको परामर्शको सम्वन्धमा देहाय वमोजिम आयोग को मिति २०८१/०७/२९ मा निर्णय भएको व्योहोरा निर्णय वाटै अवगत गर्नुभै आवश्यक कारवाही अगाडी वढाउनु हुन अनुरोध छ।

**निर्णय नं. १**

प्रस्तुत विषयमा "ऐन को दफा ८ वमोजिम तह मिलान तथा तह वृद्धि गर्दा उक्त ऐन को मर्म र भावना अनुरूप सम्पुर्ण प्रकृया पुरा गरि पदाधिकार रहेकै कार्यालय वाट तह मिलान तथा तह वृद्धि को कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने" परामर्श दिने ।

**निर्णय नं. २**

प्रस्तुत विषयमा "स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा (४) बमोजिम तह वृद्धिका लागि सवै योग्यता पुरा गरेको मिति वाट ज्येष्ठता कायम हुने गरि कम्तीमा एक महिना आगावै सुचना प्रकाशन गरि पौष र अषाढ महिनामा ऐन को दफा २९ को उपदफा (१) को मर्म र भावना अनुरूप सोही ऐन को उपदफा (५) वमोजिमको तह वृद्धि सिफारिश समिति लगायत को सम्पुर्ण प्रकृया पुरा गरि पदाधिकार रहेकै कार्यालय वाट तह वृद्धि /स्तर वृद्धि सम्वन्धि कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने" परामर्श दिने ।

**निर्णय नं.३**

प्रस्तुत विषयमा "अन्तर प्रदेश स्थानीय तहको सेवा व्यवस्थापन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारबाट हुदै आएकोले मधेश प्रदेश वाहेक अन्य प्रदेशमा पदाधिकार रही यस मधेश प्रदेश मा कामकाजमा खटिएका कर्मचारीहरूको तह मिलान सम्बन्धमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारबाट नै निकासा लिई आवश्यक कारवाही अगाडी बढाउन उपयुक्त हुने" परामर्श दिने।

(चिरन्जीवी गौतम)
नि. सचिव